वकालत मञ्च-नेपाल
ADVOCACY FORUM- NEPAL
Lawyers forum for human rights and rule of law

प्रेस विज्ञप्ति

"शान्ति सम्झौताको बीस वर्षपछि पनि दण्डहीनताले विधिको शासनलाई कमजोर बनाइरहेको छ"

२०८२ सालको जेनजी प्रदर्शनका क्रममा भएका हत्या लगायत गम्भीर मानवअधिकार उल्लंघनका घटनामा जवाफदेहिता र तत्काल संस्थागत सुधार गर्न एड्भोकेसी फोरम-नेपालको माग ।

काठमाडौं, ४ मंसिर २०८३ - एक दशक लामो सशस्त्र द्वन्द्वको अन्त्य गर्दै मानवअधिकार र लोकतन्त्रमा आधारित नयाँ युगको सुरुवात गर्ने वाचासहित नेपालले विस्तृत शान्ति सम्झौतामा हस्ताक्षर गरेको बीस वर्ष बितिसक्दा पनि त्यसयता बनेका सरकारहरू विधिको शासन कायम गर्ने र गम्भीर मानवअधिकार उल्लंघनका घटनामा जवाफदेहिता सुनिश्चित गर्ने जस्ता सम्झौताका आधारभूत प्रतिबद्धताहरू पूरा गर्न असफल भएका छन् ।

एड्भोकेसी फोरम-नेपालको नयाँ प्रतिवेदन **'दण्डहीनताको खाडल पुर्दैः नेपालमा विधिको शासन र जवाफदेहिता - विस्तृत शान्ति सम्झौताको बीस वर्ष' (Closing the Impunity Gap: Rule of Law and Accountability in Nepal – Twenty Years Since the Comprehensive Peace Agreement)** ले जरा गाडेको दण्डहीनता, राजनीतिक हस्तक्षेप र संस्थागत कमजोरीहरूले कसरी पीडित र तिनका परिवारलाई न्यायबाट वञ्चित गरिरहेका छन् र विधिको शासनलाई कमजोर पारिरहेका छन् भन्ने तथ्यलाई अभिलेखीकरण गरेको छ ।

दुई दशकको अनुगमन, कानूनी वकालत तथा पीडित र उत्तरजीवीहरूसँगको निकट सहकार्यमा आधारित यस प्रतिवेदनले २०५२-२०६२ को सशस्त्र द्वन्द्वअघि, द्वन्द्वका क्रममा र द्वन्द्वपछिको अवधिमा भएका बलपूर्वक बेपत्ता पारिएका, गैरन्यायिक हत्या, यातना, बलात्कार र अत्यधिक बल प्रयोगका प्रतिनिधिमूलक घटनाहरूको विश्लेषण गरेको छ । यसले प्रहरी, सरकारी वकिलको कार्यालय, न्यायपालिका, संक्रमणकालीन न्याय संयन्त्र र राज्यका अन्य निकायहरूमा रहेका प्रणालीगत विफलताहरूलाई पहिचान गरेको छ । ती विफलताका कारण पीडकहरू जवाफदेहिताबाट उम्किन पाएका छन् र नेपालमा पहिलेदेखिकै कमजोर विधिको शासनलाई थप कमजोर बनाएको छ ।

"सशस्त्र द्वन्द्व अन्त्य गर्नु मात्र विस्तृत शान्ति सम्झौताको वाचा थिएन । त्यो त मानवअधिकारको सम्मान हुने, संस्थाहरू स्वतन्त्र रहने र कोही पनि कानूनभन्दा माथि नहुने देश निर्माण गर्ने वाचा थियो । बीस वर्षपछि पनि त्यो वाचा अधुरै छ । दण्डहीनताले जरा गाडेको छ र एकपछि अर्को सरकारहरू विधिको शासन स्थापना गर्न असफल हुँदा त्यसको मूल्य पीडितहरूले चुकाइरहनुपरेको छ," एड्भोकेसी फोरम-नेपालले भनेको छ ।

अनुसन्धान वा अभियोजन भएका घटनाहरूमा समेत पीडकहरू बारम्बार सजायबाट जोगिने गरेको, अपराधको अनुपातमा अत्यन्तै कम सजाय हुने गरेको वा कानून कार्यान्वयन निकायहरूको पहुँचभन्दा बाहिर रहने गरेको र त्यसले विधिको शासनलाई कमजोर बनाएको प्रतिवेदनले औंल्याएको छ ।

संक्रमणकालीन न्याय प्रक्रिया पनि पीडितहरूलाई सत्य र न्याय दिलाउन असफल भएको छ । २०७१ सालमा कानून बनेर सत्य निरूपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग गठन भए

पनि दुवै निकायले एउटै पनि घटनाको अनुसन्धान टुंग्याउन सकेका छैनन् । बेपत्ता आयोगमा बलपूर्वक बेपत्ता पारिएका करिब १३ सय उजुरी दर्ता भए पनि थप प्रक्रिया र अभियोजनका लागि एउटै पनि घटना सिफारिस गरिएको छैन ।

“पीडितहरूलाई पटक-पटक संक्रमणकालीन न्यायको कारबाही प्रक्रिया पर्खन भनिएको छ । एकपछि अर्को सरकारहरूले गरेका वाचालाई विश्वास गर्दै उनीहरू न्यायको प्रतीक्षा गरिरहे । तैपनि, संक्रमणकालीन न्याय संयन्त्र गठन भएको बाह्र वर्ष बितिसक्दा पनि एउटै घटनाको छिनोफानो हुन सकेको छैन । संक्रमणकालीन न्याय फौजदारी जवाफदेहितालाई अनिश्चितकालसम्म पन्छाउने बहाना बन्न सक्दैन । पीडितहरू अर्को पुस्तासम्मका लागि फेरि अर्को नयाँ वाचा भन्दा पनि सत्य, न्याय र परिपूरणका हकदार छन्,” एड्भोकेसी फोरम-नेपालले भनेको छ ।

दण्डहीनता द्वन्द्वकालमा मात्र सीमित छैन

प्रतिवेदनले २०६३ सालको शान्ति सम्झौता भएको लामो समय बितिसक्दा पनि संस्थागत विफलताहरू कसरी निरन्तर जारी छन् भन्ने कुरा उजागर गरेको छ ।

विश्लेषण गरिएका प्रतिनिधिमूलक घटनाहरूमध्ये सेनाको हिरासतमा १५ वर्षीया मैना सुनुवारको यातना र मृत्यु, हरिप्रसाद बोलाखेको बलपूर्वक बेपत्ता र हत्या, पत्रकार डेकेन्द्र थापाको हत्या तथा अर्जुन लामाको बेपत्ता र हत्याका घटना रहेका छन् ।

प्रतिवेदनले २०८० सालमा संखुवासभा जिल्ला कारागारमा कैदीबन्दी विनोद तोलांगी र आकाश बलामीको मृत्यु लगायतका हालैका घटनाहरूलाई पनि अभिलेखीकरण गरेको छ । २०८३ **जेठमा** पाँचजना प्रहरी र दुईजना कारागार रक्षकसहित १५ जना दोषी ठहर भए तापनि यस्ता न्यायप्राप्तिका घटनाहरू अपवादका रूपमा मात्र रहेका छन् ।

प्रतिवेदनले बाल सुधार गृहहरूमा यातनाको भयावह अवस्थासमेत उजागर गरेको छ । १३ सय ७० जना बालबालिकामाझ गरिएको सर्वेक्षणमा ३२८ जना बालबालिका (२४ प्रतिशत) ले आफूमाथि यातना भएको बताएका छन् तर तीमध्ये कुनै पनि घटना अदालतसमक्ष पेश गरिएकोबारे एड्भोकेसी फोरम-नेपाललाई जानकारी छैन ।

“नेपालमा कानून, संस्था वा प्रतिबद्धताको अभाव हुनु मात्र समस्या होइन । गम्भीर उल्लंघनका लागि जिम्मेवार व्यक्तिहरू शक्तिशाली हुँदा, उनीहरूको राजनीतिक पहुँच रहँदा वा उनीहरू सुरक्षा निकायका सदस्य हुँदा शासन प्रणालीले उनीहरूबाट भएको गम्भीर उल्लंघनमा समेत कारबाही गर्न असफल हुनु वास्तविक समस्या हो । प्रहरीले उजुरी दर्ता गर्न अस्वीकार गर्दा, अनुसन्धानमा अवरोध पुऱ्याउँदा र अदालतका आदेशहरूलाई बेवास्ता गर्दा विधिको शासन यथार्थ नभई फगत आकांक्षा मात्र बन्न पुग्छ । त्यसका दुष्परिणामहरू हामी आज भोगिरहेका छौं,” एड्भोकेसी फोरम-नेपालले प्रेस विज्ञप्तिमा उल्लेख गरेको छ ।

जेनजी प्रदर्शनमा भएका हत्याको जवाफदेहितामा ढिलाइ गरिनुहुँदैन

प्रतिवेदनले २०८२ भदौमा भएको जेनजी प्रदर्शनलाई विशेष ध्यान दिएको छ । त्यसक्रममा नेपाल प्रहरी र सशस्त्र प्रहरी बलले चलाएको गोली लागेर तथा अन्य घटनामा कम्तीमा ७६ जनाको मृत्यु भएको थियो र

२३ सयभन्दा बढी घाइते भएका थिए । प्रदर्शनकारीहरूमध्ये बहुसंख्यक निहत्था थिए र मारिनेहरूमध्ये कतिपय विद्यालयका बालबालिका समेत थिए ।

घटनाको अनुसन्धानका लागि गठन गरिएको कार्की आयोग र राष्ट्रिय मानव अधिकार आयोग दुवैले अत्यधिक बलप्रयोगको घटनामा राजनीतिज्ञ, उच्च सरकारी अधिकारी र प्रहरीमाथि कारबाही गर्न सिफारिस गरेका थिए । यो प्रतिवेदन तयार पार्दासम्म अभियोजन प्रक्रिया सुरु गरिएको छैन । अर्कोतर्फ, १७ सय ७८ जना जेनजी प्रदर्शनकारीहरूका विरुद्ध ४४५ वटा मुद्दाहरू दर्ता भएका थिए ।

“घातक बलको अत्यधिक प्रयोगका लागि आरोपित जिम्मेवार व्यक्तिहरूले जवाफदेहिताको सामना गर्नु नपरेको अवस्थामा सयौं प्रदर्शनकारीहरूमाथि फौजदारी कारबाही चलिरहनु अत्यन्तै चिन्ताजनक विषय हो । राज्यले कानूनको छनोटपूर्ण प्रयोग गर्न मिल्दैन । मानवअधिकार उल्लंघनको आदेश दिने, आदेश पालना गर्ने र अनुसन्धानमा अवरोध गर्ने सबैलाई जवाफदेही बनाइनुपर्छ । नेपालको उज्ज्वल भविष्यको माग गर्दै ज्यान गुमाएका युवाहरूको मृत्यु देशको दण्डहीनताको लामो इतिहासमा अर्को एक अध्याय बन्नु हुँदैन,” एड्भोकेसी फोरम-नेपालले भनेको छ ।

गम्भीर मानवअधिकार उल्लंघनका आरोपहरू झेलिरहेको नेपाल प्रहरी र सशस्त्र प्रहरी बलले संस्थागत सुधार गर्न नसकेको स्थितिमा दुर्व्यवहार गर्दा संस्थागत वा व्यक्तिगत रूपमा कुनै खास मूल्य चुकाउनु नपर्ने संस्कृतिलाई निरन्तरता दिन मद्दत गरेको तर्क प्रतिवेदनले गरेको छ ।

दण्डहीनताको चक्र तोड्न संरचनागत सुधार अपरिहार्य छ

प्रतिवेदनले नेपालको फौजदारी न्याय प्रणालीलाई कमजोर बनाउने एकअर्कासँग जोडिएका कमजोरीहरूको शृंखला पहिचान गरेको छ । त्यसमा देहाय समावेश छन् :

- प्रहरीले जाहेरी दरखास्त/एफआईआर दर्ता गर्न अस्वीकार गर्नु । यसले पीडितहरूलाई न्यायमा पहुँच पाउनबाट वञ्चित गर्छ ।
- कतिपय मुद्दामा उजुरी दर्ता गर्ने ३५ दिने हदम्याद कायम हुनु । यसले यातना तथा अन्य गम्भीर उल्लंघनका पीडितहरूका लागि गम्भीर अवरोध सिर्जना गर्छ ।
- प्रहरी अनुसन्धान, अभियोजनसम्बन्धी निर्णय र न्यायिक नियुक्तिमा राजनीतिक हस्तक्षेप हुनु ।
- अदालतका आदेश र फैसलाहरूको कार्यान्वयन नहुनु ।
- प्रहरी र अभियोजनकर्तामा पर्याप्त स्वतन्त्रता र निगरानीको अभाव हुनु ।
- पीडित र साक्षीहरूको कमजोर सुरक्षाको स्थिति हुनु ।
- राष्ट्रिय मानव अधिकार आयोगद्वारा गरिएका सिफारिसहरूको कार्यान्वयन नहुनु ।
- उच्च अधिकारी र कमान्डरहरूका लागि आदेश दिने अधिकारीको उत्तरदायित्व स्थापित गर्ने कानूनी व्यवस्थाको अभाव हुनु ।

सुशासन, निष्ठा र राजनीतिक संरक्षणको अन्त्य गर्ने बहालवाला सरकारको घोषित प्रतिबद्धताहरूले सार्थक सुधारका लागि अवसर प्रदान गरेको प्रतिवेदनले जोड दिएको छ । तर स्वतन्त्र अनुसन्धान तथा अभियोजनको सुनिश्चितता गर्ने ठोस संस्थागत परिवर्तनमा रूपान्तरण नभएसम्म यी प्रतिबद्धताहरू अपर्याप्त नै रहनेछन् ।

“जवाफदेहिता विना सुशासन सम्भव छैन । भ्रष्टाचार अन्त्य गर्ने वा सार्वजनिक संस्थाहरूलाई राजनीतिक छायाँबाट मुक्त बनाउने वाचा गर्नु मात्र पर्याप्त छैन । नेपाललाई स्वतन्त्र फौजदारी अनुसन्धान प्रणाली, स्वतन्त्र अभियोजन सेवा र राजनीतिक दबाबविना काम गर्न सक्षम न्यायपालिकाको आवश्यकता छ । यी सुरक्षात्मक व्यवस्थाविना कोही पनि कानूनभन्दा माथि छैन भन्ने सिद्धान्त राजनीतिक नारामा मात्र सीमित रहनेछ,” एड्भोकेसी फोरम-नेपालले भनेको छ ।

एड्भोकेसी फोरम-नेपालले नेपाल सरकारलाई देहायबमोजिमका संवैधानिक, कानूनी तथा संस्थागत सुधारहरू तत्काल गर्न कार्यान्वयन गर्न आह्वान गरेको छ :

१. **प्रहरीको सुपरिवेक्षणका लागि स्वतन्त्र संयन्त्र स्थापना गर्ने**: प्रहरीका विरुद्ध उजुरी गर्नका लागि गठन गरिएको स्वतन्त्र प्राधिकरण र प्रहरीको निरीक्षण गर्ने कार्यादेशसहितको स्वतन्त्र निकायका रूपमा राष्ट्रिय प्रहरी आयोग गठन गर्ने ।

२. **स्वतन्त्र अभियोजन सुनिश्चित गर्ने:** सरकारको कानूनी सल्लाहकारको भूमिकाभन्दा छुट्टै स्वतन्त्र सरकारी वकिलको कार्यालय स्थापना गर्ने ।

३. **संक्रमणकालीन न्याय प्रक्रियामा सुधार गर्ने**: पीडित र नागरिक समाजको सहभागितामा पारदर्शी र समावेशी प्रक्रियामार्फत सत्य निरूपण तथा मेलमिलाप आयोगसम्बन्धी ऐन संशोधन गर्ने तथा गम्भीर मानवअधिकार उल्लंघन र अन्तर्राष्ट्रिय अपराधहरूमा आममाफी वा उन्मुक्ति नहुने सुनिश्चित गर्ने ।

४. **न्यायका अवरोधहरू हटाउने:** गम्भीर मानवअधिकार उल्लंघनका घटनामा हदम्याद लागू नहुने व्यवस्था गर्ने, जुनसुकै प्रहरी कार्यालयमा जाहेरी दरखास्त दर्ता गर्न सकिने व्यवस्था गर्ने र गम्भीर मानवअधिकार उल्लंघनसम्बन्धी उजुरी दर्ता गर्न अस्वीकार गर्ने कार्यलाई फौजदारी अपराध बनाउने ।

५. **आदेश दिने अधिकारीको उत्तरदायित्व कायम गर्ने:** दायित्वसम्बन्धी कानूनी आधार पूरा भएको अवस्थामा मातहतका कर्मचारीले गरेका अपराधका लागि कमान्डर र उच्च अधिकारीहरूलाई समेत जवाफदेही ठहराउन सकिने कुरा सुनिश्चित गर्ने ।

६. **स्वतन्त्र निगरानीलाई सुदृढ बनाउने:** थप अनुसन्धानका लागि राष्ट्रिय मानव अधिकार आयोगले गरेका सिफारिसहरू निश्चित समयसीमाभित्र कार्यान्वयन हुने सुनिश्चित गर्ने र संवैधानिक निकायहरूसँग आफ्नो कार्यादेश पूरा गर्न आवश्यक स्रोतसाधन तथा स्वतन्त्रता रहेको सुनिश्चित गर्ने ।

७. **पीडित र साक्षीहरूको संरक्षण गर्ने:** नेपालको साक्षी संरक्षण संरचनालाई सुदृढ बनाउने र पर्याप्त स्रोतसाधनयुक्त स्वतन्त्र संरक्षण संयन्त्र स्थापना गर्ने ।

८. **जेनजी प्रदर्शनका घटनामा कारबाही गर्ने:** सन् २०८२ भदौको प्रदर्शनका क्रममा भएका हत्या तथा अन्य मानवअधिकार उल्लंघनका सम्बन्धमा कार्की आयोग र राष्ट्रिय मानव अधिकार आयोगका सिफारिसहरू अविलम्ब कार्यान्वयन गर्ने ।

९. **बाँकी छानबिन प्रतिवेदनहरू सार्वजनिक गर्ने:** विगतका मानवअधिकार उल्लंघनका घटनासम्बन्धी मल्लिक, रायमाझी र लाल आयोगका प्रतिवेदनहरू सार्वजनिक गर्ने र तिनले गरेका सिफारिसहरूको कार्यान्वयनका लागि स्पष्ट कार्ययोजना र समयसीमा निर्धारण गर्ने ।

“बहालवाला सरकारसँग विगतका अभ्यासहरूलाई क्रमभंग गर्ने अवसर छ। तर यसका लागि शक्तिमा रहेका व्यक्तिहरू फेरेर मात्र पुग्दैन, संस्थाहरू स्वयंमा परिवर्तन आवश्यक छ। गम्भीर मानवअधिकार उल्लंघन गर्नेहरूले आफ्नो राजनीतिक आबद्धता, पद वा पहुँच जस्तोसुकै भए पनि आफूमाथि अनुसन्धान र अभियोजन हुन्छ भन्ने कुरा बुझ्नुपर्छ। वास्तविक विधिको शासन भएको राज्यको आधारशिला यही नै हो,” एड्भोकेसी फोरम-नेपालले भनेको छ।

नेपालले विस्तृत शान्ति सम्झौताको बीसौं वर्ष पूरा गरिरहँदा एड्भोकेसी फोरम-नेपालले मानवअधिकार, जवाफदेहिता र विधिको शासनसम्बन्धी बाँकी रहेका प्रतिबद्धताहरू कार्यान्वयन गर्न स्पष्ट समयसीमासहितको ठोस कार्ययोजना सार्वजनिक गर्न सरकारसँग आग्रह गरेको छ।

“नेपालको शान्ति प्रक्रियाको वास्तविक मापदण्ड सशस्त्र द्वन्द्वको अनुपस्थिति मात्र हुन सक्दैन। नागरिकहरू भयमुक्त भएर बाँच्न पाएका छन् कि छैनन्, पीडितहरूले न्याय पाएका छन् कि छैनन् र कानून सबैमा समान रूपमा लागू भएको छ कि छैन भन्ने नै यसको मापदण्ड हुनुपर्छ। बीस वर्षको प्रतीक्षा निकै लामो भइसकेको छ। अब दण्डहीनताको खाडल पुर्ने बेला आएको छ,” एड्भोकेसी फोरम-नेपालले प्रतिवेदनको निष्कर्षमा भनेको छ।

थप जानकारीका लागि सम्पर्क:

विकास बस्नेत, bikashbasnet@advocacyforum.org ९८५११६९८२२

प्रतिवेदनको विस्तृत विवरणका लागि:

https://www.advocacyforum.org/wp-content/uploads/2026/11/af-s-20-years-impunity-report.pdf